सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २३१ ♦ २०८३ साल वैशाख १४ सोमवार ♦ 27 April 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## बलात्कार पीडित महिलाको बिचल्ली

खबर दर्पण समाचारदाता

**वैशाख १३ गते, ढल्केवर**

धनुषामा बलात्कार घटनाका पीडित एक महिलाले पतिले समेत साथ छाडेपछि बिचल्लीमा परेको बताउनुभएको छ ।

उहाँले घटनापछि पतिले साथ छाडेपछि आफू थप पीडामा परेको बताउनुभयो । धनुषाको सबैलाई नगरपालिका-३, की ति महिलाले गत पुस ६ गते आफू बलात्कारमा परेको भन्दै चैत १ गते जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दिएको बताउनुभयो ।

तर जाहेरी दर्ता भएको लामो समय बितिसक्दा पनि आरोपित पक्राउ नपरेको र आफू घर बारविहीन अवस्थामा पुगेको उहाँले दुखेसो सुनाउनुभयो ।

उहाँका अनुसार २०८२ पुस ६ गते साँझ जनकपुरधाम-४, मुरली चोक क्षेत्रमा 'प्रसाद' भन्दै दिएको लड्डु खाएपछि आफू बेहोस भएको र सोही अवस्थाको फाइदा उठाउँदै आरोपितले आफ्नो इच्छाविपरीत करणी गरेको जानकारी दिनुभयो ।

आरोपित सबैलाई नगरपालिका-३, का अमिस महरा रहेको जाहेरीमा उल्लेख छ। जाहेरी अनुसार आरोपितले घटनाको भिडियोसमेत बनाएको र सार्वजनिक गर्ने तथा परिवार लाई हानी पुऱ्याउने धम्की दिँदै बारम्बार करणी गरेको उल्लेख छ ।

घटनापछि श्रीमान्ले गलत बुझाइका कारण घरबाट निकालिदिएकाले हाल आफू माइतमा बस्दै आएको ति महिलाको भनाइ छ।

पीडक जनकपुरधामस्थित एक अस्पतालमा कार्यरत रहेको र खुलेआम हिँडडुल गरिरहे पनि प्रहरीले पक्राउ नगरेको उहाँको गुनासो छ ।

दोषीमाथि कारबाही नभएको र पारिवारिक साथसमेत गुमाउँदा आफू बिचल्लीमा परेको उहाँले सुनाउनुभयो । उहाँले दोषीमाथि तत्काल कारबाही गर्न र आफूलाई न्याय दिलाउन सम्बन्धित निकायसँग माग गर्नुभयो ।

## गौशालामा घरमै पसेर महिला र बालबालिका माथि कुटपिट र बलात्कारको आरोप, दुई जना पक्राउ

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**वैशाख १३ गते, महोत्तरी**



महोत्तरीको गौशाला नगर पालिका-८, भरलेहनीस्थित मुसहर बस्तीमा एक महिलामाथि कुटपिट र जबर जस्ती करणी भएको छ। शनिबार राति करिब १२ बजे घरमा सुतिरहेको अवस्थामा दुई जना व्यक्ति प्रवेश गरी २५ वर्षीया महिलामाथि आक्रमण र जबरजस्ती करणी गरेका हुन्। प्रारम्भिक प्रहरी अनुसन्धान अनुसार आरोपितहरूले पीडित महिलाका साथै उहाँका तीन जना साना छोरीहरूलाई समेत कुटपिट गरेका छन्। पीडितका श्रीमान् रोजगारीका सिलसिलामा भारतमा रहेको बताइएको छ। पीडित महिलाले आफू र आफ्ना बालबालिकामाथि निर्घात कुटपिट गर्दै जबरजस्ती गरिएको भन्दै न्यायका लागि अपील गर्नुभएको छ।

घटनालगत्तै इलाका प्रहरी कार्यालय गौशालाले संलग्नताको आशङ्कामा दुई जनालाई नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता शैलेन्द्र भट्टले पक्राउ परेका व्यक्तिहरूमाथि थप अनुसन्धान भइरहेको जानकारी दिनुभयो।

कुटपिटबाट घाइते भएकी महिलाको स्थानीय क्लिनिकमा प्राथमिक उपचार गरिएको थियो। उहाँलाई थप उपचार र स्वास्थ्य परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको प्रहरीले जनाएको छ। यस घटनाले स्थानीय मुसहर बस्तीका बासिन्दा त्रसित र आक्रोशित बनेका छन्।

## ढल्केबरमा ५३ वर्षदेखि अतिक्रमित सडकका संरचना हटाइयो

खबर दर्पण समाचारदाता

**वैशाख १३ गते, ढल्केवर**

धनुषाको मिथिला नगरपालिका-६, ढल्केबर चोकस्थित करिब ५३ वर्षदेखि अतिक्रमणमा परेको सार्वजनिक सडक अन्ततः खाली गराइएको छ ।

मिथिला नगरपालिकाले पूर्व सूचना जारी गर्दै शनिबार सो क्षेत्रमा निर्माण गरिएका पक्की भवन, घरटहरा तथा पसलहरू हटाएको हो । नगरपालिकाका अनुसार उक्त सडक क्षेत्रमा करिब २५ देखि ३० जनाले लामो समयदेखि बसोवास तथा व्यवसाय सञ्चालन गर्दै आएका थिए ।

सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका ती संरचना हटाएसँगै सो सडक पुनः

बाँकी पृष्ठ ३ मा



**शिरीष संचार समूह**

**नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना**

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran परिवर्तनकालागि १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# बालेन सरकार गठनका ३० दिन, १६ काम

प्रधानमन्त्री बालेन्द्र शाह बालेनको नेतृत्वमा सरकार गठन भएको आइतबार ठीक एक महिना पूरा भएको छ । यो एक महिनाको अवधिमा सरकारले कैयौँ निर्णयहरू गरेको छ । तीमध्ये केही विवादित बनेका छन् भने केही निर्णयहरूको नतिजाको प्रतीक्षा भइरहेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीको एकल बहुमतको सरकार २०५६ को चुनावपछि पहिलोपटक बनेको छ ।

सरकारले प्राथमिकतामा राखेका १०० वटा कामको सूची सार्वजनिक गरेसँगै नियमित बस्ने मन्त्रिपरिषद्रु बैठकबाट नर्णय गरेर कार्यन्वयन गरिरहेको छ । तीमध्ये यी १६ वटा काम यस्ता छन्, जसको तुलनात्मक रूपमा बढी चर्चा भइरहेको छ ।

## सुकुम्वासी बस्तीमा डोजर

बालेन सरकारले गरेका काममध्ये सबैभन्दा चर्चा सुकुम्वासी बस्तीमा चलाइएको डोजर अभियान हो । बालेनले गृह मन्त्रालयको नेतृत्व लिएसँगै काठमाडौं उपत्यतकाका थापाथली, गैरीधारा र मनोहरामा रहेका सुकुम्वासी बस्तीमा शनिबारदेखि डोजर अभियान चलिरहेको छ । सुकुम्वासी बस्तीमा डोजर चलेपछि यसबारे मिश्रित प्रतिक्रिया आएका छन् । कतिपयले सुकुम्वासीको व्यवस्थापन नगरी संरचना भत्काएकोमा विरोध जनाइरहेका छन् । कतिपयले भने सुकुम्वासीको नाममा हुकुवासीहरूले जग्गा कब्जा गरेकोले हटाउँदा खुसी व्यक्त गरेका छन् । सरकारको यो अभियान देशव्यापी हुने संकेत देखिएको छ ।

## गौरीबहादुर कार्की आयोगको प्रतिवेदन कार्यन्वयन

सरकार गठन भएकै दिन चैत १३ गते शाह नेतृत्वको मन्त्रिपरिषद्को पहिलो बैठकले गरेको महत्त्वपूर्ण निर्णयमध्ये एउटा थियो, भदौ २३ र २४ गते भएको जेन जी आन्दोलन र दमनका विषयमा अध्ययन गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन कार्यन्वयन गर्ने ।

त्यसमा सरकारले गरेको पहिलो निर्णय थियो – जाँचबुझ आयोगले सिफारिस गरेका पदाधिकारीहरूलाई कारवाही गर्ने ।

मन्त्रिपरिषद्रुबाट निर्णय भएको केही घण्टा पनि नबित्दै सरकारले तत्कालीन प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओली र गृहमन्त्री तथा कांग्रेस नेता रमेश लेखकलाई पक्राउ गर्ने निर्णय गऱ्यो । सोहीअनुसार प्रहरीले अर्को दिन बिहानै ओली र लेखकलाई पक्राउ गऱ्यो । तर त्यसअघिको सुशीला कार्की नेतृत्वको सरकारले सार्वजनिक गर्ने निर्णय गरेको कार्की आयोगको उक्त प्रतिवेदन सार्वजनिक नगरिकनै शाह नेतृत्वको सरकारले कार्यन्वयनका नाममा पक्राउ गर्न सुरु गरेपछि त्यसको व्यापक विरोध मात्रै भएन, एमालेले सडकमा विरोधसमेत गऱ्यो ।

एमालेको विरोध र सार्वजनिक वृत्तमा सरकारको आलोचना भइरहेकै बेला बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा सुनुवाइ गर्दै दुई हप्तापछि सर्वोच्च अदालतले उनीहरूलाई रिहा गर्न आदेश दियो । त्यसले उनीहरूको पक्राउलाई बालेन शाह नेतृत्वको सरकारले प्रतिशोध साँध्न खोजेको भन्ने अर्थमा स्थापित गर्न केही हदसम्म बल पुग्यो । पूर्वप्रधानमन्त्री र पूर्वगृहमन्त्रीलाई एकसाथ पक्राउ गरेपछि यो विषयले चर्चा बटुल्यो ।

त्यस्तै दोस्रो निर्णय, आन्दोलनमा जोडिएका सुरक्षा निकायसँग सम्बन्धित व्यक्तिहरूका सम्बन्धमा थियो । जसमा कार्की आयोगले सिफारिस गरेका सुरक्षा निकायका जिम्मेवार व्यक्तिहरूका विषयमा फेरि अध्ययन गर्नका लागि थप छानबिन गर्न आयोग गठन गऱ्यो ।

वैशाख २ गते बसेको मन्त्रिपरिषद्रु बैठकले पहिलो मन्त्रिपरिषद्रु बैठकको निर्णयकै निरन्तरतामा गौरीबहादुर कार्की आयोगको प्रतिवेदनमा सुरक्षा निकायका सम्बन्धमा उल्लेख गरेका विषयमा अध्ययन तथा सिफारिसका लागि उच्चस्तरीय आयोग गठन गर्ने निर्णय गऱ्यो । उच्च अदालतका पूर्वन्यायाधीश प्रेमराज कार्कीको संयोजकत्वमा सशस्त्र प्रहरी बलका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक सुबोध अधिकारी र नेपाल प्रहरीका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक टेकप्रसाद राई सदस्य रहेको आयोग गठन गरिएको छ ।

यस विषयमा सरकारले मन्त्रिपरिषद्को पहिलो बैठक चैत १३ मा राजनीतिक नेतृत्वका हकमा प्रतिवेदन तत्काल कार्यान्वयनमा लैजाने र सुरक्षा निकायका हकमा प्रतिवेदन अध्ययन गरेर मात्रै कार्यान्वयनमा लैजाने निर्णय गरेको थियो । राजनीतिक नेतृत्व र सुरक्षा संयन्त्रका हकमा फरक-फरक शैली अख्तियार गरेपछि यस विषयले पनि चर्चा पायो ।

## विभिन्न देशका राजदूतसँग प्रधानमन्त्री बालेनको सामूहिक भेट

प्रधानमन्त्री शाहले गरेको कूटनीतिक अभ्यास पनि धेरैले चर्चा गरेको विषय हो । हुन त यसअघिका प्रधानमन्त्रीहरूले बेलाबखत यस्ता सामूहिक भेटघाट आयोजना गर्ने गरेका थिए । तर यसपटक भने बालेनले कोही पनि राजदूतसँग व्यक्तिगत तहमा भेटघाट नगरिकन एकैपटक महत्त्वपूर्ण देशका राजदूतहरूसँग गरेको सामूहिक भेटले धेरैको ध्यान खिच्न सफल भयो । उनले भारत, चीन, अमेरिकालगायत विभिन्न १७ वटा देशका राजदूतहरूसँग सिंहदरबारमा एकैपटक भेटघाट गरेका थिए ।

साथै, उक्त भेटघाटको समन्वय पनि उनले जिम्मेवार मानिने परराष्ट्र मन्त्रालयलाई दिएका थिए । उक्त अन्तरक्रिया कार्यक्रमलाई परराष्ट्र मन्त्रालयले पूर्ण रूपमा संयोजन गरेको थियो । यसअघि प्रधानमन्त्रीसहित पदाधिकारीहरूले भेटघाटमा कूटनीतिक आचार संहितासहित पालन नगरेको भनेर आलोचना भइरहेको अवस्थामा बालेनले गरेको यो शैली पनि चर्चित रह्यो ।

## विद्यालय भर्ना अभियानमा हस्तक्षेप

विद्यालय शिक्षा स्थानीय तहको अधिकार हुने संविधानको व्यवस्थाअनुसार विद्यालयबारे निर्णय लिने अधिकार स्थानीय तहको हुँदाहुँदै पनि शिक्षामन्त्री सस्मित पोखरेलले केन्द्रबाटै विद्यार्थी भर्ना अभियानबारे निर्देशन दिए । सुन्दा कर्णप्रिय लागे पनि यो संघीय सरकारको स्थानीय तहमाथिको ठाडो हस्तक्षेप थियो । वैशाख १५ गतेपछि मात्र भर्ना अभियान चलाउने र वैशाख २१ गतेबाट मात्र नयाँ शैक्षिक सत्र लागू गर्ने संघीय सरकारको निर्णयको देशभरका स्थानीय तहले विरोध गरे । विभिन्न स्थानीय तहले संघीय सरकारको निर्णयको अवज्ञा गर्दै विद्यार्थी भर्ना अभियान चलाइसकेका छन् ।

संघीय सरकारको यो निर्णय संविधानको व्यवस्थाकै बर्खिलाप देखियो भने पर्याप्त समन्वय र छलफल पनि देखिएन । जसले बालेन सरकार र स्थानीय तहबीच टकरावको सुरुवात गऱ्यो । यसलाई सरकारलाई सहयोगभन्दा धेरै विवादमा तान्यो ।

## एक सय रूपैयाँभन्दा धेरैको सामानमा भन्सार लाग्ने व्यवस्था

काठमाडौंले खासै अनुभूत नगरेको, तर पूर्वदेखि पश्चिम नेपालका सीमावर्ती क्षेत्रका सर्वसाधारणले दुःख पाइरहेको एउटा विषय छ - भारतीय बजारबाट एक सय रूपैयाँभन्दा धेरैको सामान ल्याउन नपाउने व्यवस्था ।

भारतसँग नजिक सीमा रहेका धेरै सर्वसाधारणले दैनिक उपभोग्य वस्तु नेपाली बजारमा भन्दा भारतीय बजारमा सस्तो हुने भएकाले उतैबाट किनेर ल्याउँथे । यो निकै पुरानो परम्परा मात्र होइन, सीमावर्ती क्षेत्रका वासिन्दाको दैनिकी हो । तर, देशलाई आत्मनिर्भर बनाउने आकर्षक भाष्य दिएर बालेन सरकारले भन्सारबिन्दुमा कडाइ गर्दा सर्वसाधारण मारमा परेका छन् । रास्वपाकै नेताहरूले यसको विरोध जनाइरहेका छन् । प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसलगायतका दलहरू पनि यसको विरोध गरिरहेका छन् । सरकारको यो निर्णयले पनि बालेनलाई विवादमा तानेको छ ।

## बिचौलिया र केही व्यापारिक घरनाका व्यक्ति तथा ठेकेदारहरू पक्राउ

यहीबीचमा सरकारले गरेका चर्चित कामहरूमध्ये विभिन्न व्यक्तिहरूको पक्राउ पनि रह्यो । एमाले प्रदेश सांसद रेखा शर्मा, कांग्रेस नेता तथा व्यवसायी दीपक खड्का, शंकर ग्रुपका शंकर अग्रवाल, सुलभ अग्रवाल, दीपक भट्ट, शेखर गोल्छा र राप्रपाका नेतासमेत रहेका ठेकेदार विक्रम पाण्डे पक्राउ परे । यीमध्ये अहिले प्रहरी हिरासतमा भट्ट, पाण्डे र सुलभ मात्र छन् । अरु अदालतको आदेशअनुसार रिहा भइसकेका छन् ।

व्यवसायिक घरानाका अगुवालाई पक्राउ गरेर बालेन सरकारले व्यवसायीलाई आतंकित त पारेको छ नै, पक्राउ परेकाहरू पनि धमाधम छुट्नुले उनीहरूमाथिको पक्राउ कानुनी रूपमा पनि बलियो देखिएन । यसको उद्यमी तथा व्यापारीहरूका सामूहिक संघ संगठनहरूले पनि विरोध गरिरहेका छन् ।

यससँगै प्रहरीले गुण्डागर्दीको आरोपमा सयौँलाई पक्राउ गऱ्यो । उनीहरू पनि थुनामुक्त भएका छन् । यो पक्राउ प्रकरण कानुनी राज्यको अनुभूतिभन्दा धेरै 'स्टन्ट' जस्तो बनेको आरोप लाग्यो ।

## महिना नपुग्दै मन्त्रीको बर्खास्त र राजीनामा

बालेन सरकारलाई सबैभन्दा धेरै विवादमा तानेका एक मन्त्रीमध्ये हुन् - सुधन गुरुङ । उनले बुधबार गृहमन्त्री पदबाट राजीनामा दिएका छन् । उनीमाथि सम्पत्ति शुद्धीकरणको गम्भीर आरोप

*बाँकी पृष्ठ ३ मा*


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# बालेन सरकार गठनका ३० दिन................

लागेको मात्र छैन, उनकै नेतृत्वमा पक्राउ परेका दीपक भट्टसँग व्यवसायिक साझेदारी गरेको समेत खुलेको छ । सम्पत्ति शुद्धीकरणको कसुरमा प्रहरी हिरासतमा रहेका भट्टसँगको साझेदारी खुलासा भएपछि गुरुङमाथि अनुसन्धान गर्नुपर्ने माग व्यापक रूपमा उठेको थियो। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस, एमाले, श्रम संस्कृतिलगायतबाट मात्र होइन सामाजिक सञ्जालमा पनि उनको राजीनामा मागिएको थियो ।

यो विषयमा रास्वपाका नेता तथा सांसदहरू भने चुपचाप थिए। पत्रकारहरूसँग रास्वपा सभापति रवि लामिछानेले समेत यो विषयमा प्रतिक्रिया दिन मानेका थिएनन्। तर दबाब बढ्दै जाँदा अन्ततः गुरुङले राजीनामा दिएका छन्। तर, यो विषय उनको राजीनामाले मात्र टुंगिने खालको होइन। उनीमाथि पनि सम्पत्ति शुद्धीकरणमा अनुसन्धान हुनुपर्ने आवाज उठेको छ। त्यसो त गुरुङ र केही मन्त्रीहरू सम्पत्ति विवरण सार्वजनिक भएसँगै शंकाको घेरामा परेका थिए।

बालेन सरकारलाई विवादमा तान्ने अर्का मन्त्री हुन्- श्रममन्त्री दीपक साह। उनी मन्त्री बनेदेखि नै विवादमा आएका थिए। धेरै पहिला एक ठगी प्रकरणमा उनी संलग्न रहेको सार्वजनिक भएको थियो। तर, त्यो विषयमा उनले पद जोगाएका थिए। तर , श्रीमती जुनु श्रेष्ठ स्वास्थ्य बीमा बोर्डमा नियुक्त भएको विषय सार्वजनिक भएपछि पार्टीको निर्णयमा उनलाई प्रधानमन्त्री बालेनले बर्खास्त गरे।

तर साहले आफूले स्पष्टीकरणसमेत दिन नपाएको भन्दै गुनासो गरिरहेका छन्। सुधन गुरुङसँग लिखित स्पष्टीकरण लिएका बालेनले साहसँग भने स्पष्टीकरण लिनुसमेत आवश्यक ठानेनन्। सुधनको प्रकरणमा बालेनले लिखित स्पष्टीकरण लिएको सार्वजनिक भएपछि साहले सामाजिक सञ्जालमा लेखेका थिए, 'स्पष्टीकरण....!'

## दुईदिने सार्वजनिक विदा

इरान युद्धका कारण विश्वव्यापी रूपमा बढेको इन्धनको मूल्यको मारमा नेपाल पनि पर्‍यो। इन्धनको मूल्य नियन्त्रण गर्न कुनै कदम नचालेको सरकारले हप्तामा दुई दिन (शनिबार र आइतबार) विदा दिने निर्णय गर्‍यो। नेपालमा दुईदिने विदाको व्यवस्था यसअघि पायलट कार्यक्रमका रूपमा लागू भई असफल हुँदा हटेको विषय हो।

इन्धन बचाउका लागि भनी गरिएको यो व्यवस्थाले अस्पताल जस्ता अति संवेदनशील सेवा क्षेत्रमा भद्रगोल बनायो। बिरामीहरूले अब उपचारका लागि सोमबार कुर्नुपर्ने अवस्था आइलाग्यो। जसले विना तयारी र विश्लेषण गरिएको यो व्यवस्थाले पनि बालेन सर कारलाई विवादमा तान्ने अर्को चर्चित विषय बनेको छ।

सरकारी सूचना तथा विज्ञापन सरकारी सञ्चार माध्यममा मात्र बालेन सरकारले अप्रत्यासित रूपमा सरकारी सूचना तथा विज्ञापन सरकारी सञ्चार माध्यममा मात्र प्रकाशित गर्ने गरी संघीय कार्यालाय, प्रादेशिक कार्यालय र स्थानीय तहका कार्यालयहरूमा पत्राचार गर्‍यो। बालेन सरकारको यो निर्णय कर्णप्रिय जस्तो त छ, तर यसको असर र प्रकारान्तरले दिने नतिजा भने भयानक छ। सरकारले सूचना जतिसक्यो धेरै दिनुपर्ने लोकतान्त्रिक व्यवस्थाको गुण र कर्तव्य हो। एक त बालेन सरकारले भनेका सबै सञ्चार माध्यमहरू पूर्णतया सरकारी होइनन्। यी सार्वजनिक प्रशारण ऐनअन्तर्गतका हुन् भने केही संस्थान हुन्। तर, सरकारी सञ्चार माध्यम भनिएका रेडियो नेपाल, रासस, नेपाल टेलिभिजन र गोर खापत्रको कभरेज होल नेपाल होइन। देशका धेरैजसो भागमा अहिले पनि आम जनतालाई निजी क्षेत्रकै सञ्चार माध्यमहरूले सूचना दिन्छन्।

यस्तो बेला निजी सञ्चार माध्यम बन्द नै गराउने गरी सूचना र विज्ञापन नदिने निर्णयले बालेन सरकार तानाशाहीको बाटोमा हिँडेको भन्दै पत्रकार महासंघ आन्दोलित भएको छ। लोकतान्त्रिक सरकारको चरित्रभन्दा बाहिर गएर राज्य नियन्त्रित सञ्चार क्षेत्रको विकासमा लागे भन्दै बालेन सरकारको यसमा चौतर्फी आलोचना भइरहेको छ।

## राहदानी घरघरै पुर्‍याउने

सरकारले राहदानी, सवारी चालक अनुमति पत्रलगायत सरकारी कागजातहरू घरदैलोमै पुर्‍याउने भनेर पनि काम सुरू गरेको छ। शासकीय सुधारको एक सय दिने कार्यसूचीमा अत्यावश्यक सरकारी कागजात घरमै पुर्‍याउने योजना सरकारले राखेको थियो।

सरकारले सञ्चार मन्त्रालयमार्फत हुलाक सेवा विभागलाई गृह मन्त्रालय र राहदानी विभागसँग समन्वय गरी प्रभावकारी रूपमा काम गर्न निर्देशन दिएको छ।

हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पंगेनीका अनुसार मकवानपुर, म्याग्दी, काभ्रे, गुल्मी र डडेलधुरा लगायत जिल्लामा यो सेवा परीक्षणका रूपमा सफलतापूर्वक सञ्चालन भइरहेको छ।

भौगोलिक विकटता र जनशक्ति व्यवस्थापन जस्ता चुनौतीका बावजुद सरकारले स्रोत साधनको परिचालन गर्दै यो सेवालाई देशव्यापी विस्तार गर्ने लक्ष्य राखेको छ। नागरिकले सामान्य कामका लागि पनि सरकारी कार्यालयमा घण्टौँ लाइन बस्नुपर्ने र बिचौलियाको सहारा लिनुपर्ने बाध्यता खेप्नु परिरहेका बेला बालेन सरकारले गरेको यो कार्यले पनि धेरैको ध्यान खिचेको छ, तर यो कहिलेसम्म रहन्छ भन्नेमा धेरैको आशंका छ।

## लाइसेन्स छपाइ २४ घण्टामा

सेवाग्राहीहरूले लामो समयदेखि भोगिरहेका समस्यामध्ये एउटा हो – वर्षौंसम्म सवारी चालक अनुमतिपत्र (लाइसेन्स) नपाउनु। ट्रायल पास गरिसकेपछि तत्कालै अस्थाई कागज दिएर सवारी चलाउन मिल्ने भएपनि प्रामणपत्र छपाइमा हुने ढिलाईका कारण ३ वर्षभन्दा बढी समयदेखि नागरिकले सास्ती खेपिरहेका थिए। यो सरकाले ट्रायल पास गरी राजस्व तिरेपछि २४ घण्टाभित्रै लाइसेन्स छाप्ने व्यवस्था लागू गरेको छ। तर चालकको सम्पूर्ण विवरण रहने चिप्सको सट्टा क्युआर कोड मात्रै राखेर उक्त लाइसेन्स छाप्ने निर्णय सरकारले गरेको छ।

दैनिक करिब ४० हजार लाइसेन्स छापिरहेकोमा अब विदेश जाने नागरिकका लागि आवश्यक लाइसेन्सलाई प्राथमिकता दिइएको र वैशाख १२ गतेभित्र १२ लाख छापिसक्ने र बाँकी १७ लाख लाइसेन्स असार मसान्तसम्म छापिसक्ने लक्ष्य रहेको सरकारको भनाइ छ। सेवाग्राहीहरूले तीन वर्षसम्म पर्खिनुपर्ने काम २४ घण्टाभित्रै हुने भनेपछि यसले पनि धेरैको ध्यान तान्न सफल भएको छ।

## ब्रिज कोर्स र इन्ट्रान्स कक्षा बन्द

वर्षौंदेखि चलिरहेका प्रवेश परीक्षा तयारी कक्षा (इन्ट्रान्स) र ब्रिजकोर्स बन्द गर्ने सरकारको निर्णय पनि चर्चामा रह्यो। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले आइतबार विभिन्न कक्षा र उच्च शिक्षाका विभिन्न तहका इन्ट्रान्स र ब्रिजकोर्स बन्द गर्ने भन्दै चैत १५ विज्ञप्ति जारी गरेको थियो।

त्यसको एकातिर आलोचना र अर्कोतिर प्रशंसा भइरहेको थियो। तर मन्त्रालय र शिक्षामन्त्रीले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेका सूचनामा नै फरक परेपछि विषय विवादमा तानियो। शिक्षामन्त्री सस्मित पोखरेलले कक्षा १२ सम्म मात्रै इन्ट्रान्स र ब्रिज कोर्समा रोक लगाउने निर्णय गरेको भन्दै सूचना सार्वजनिक गरेका थिए भने मन्त्रालयले सबै तहका कोर्सहरू बन्द गरेको सूचना राखेको थियो।

एसईई परीक्षा दिएपछि विज्ञान, व्यवस्थापन, ए लेभल लगायत विभिन्न विषयमा कक्षा ११ मा भर्ना हुन इन्ट्रास र ब्रिज कोर्सको कक्षा सञ्चालन हुने गरेको छ। साथै, कक्षा १२ पछि चिकित्सा शिक्षा, इन्जिनियरिङ, विज्ञान प्रविधि लगायत संकायमा भर्ना तयारीका लागि पनि यस्ता कक्षा सञ्चालन हुने गर्छन्। उच्च शिक्षा अध्ययनका लागि विदेश जान पनि यस्ता पूर्वतयारी कक्षाहरु सञ्चालन हुने गरेका छन्। यस्ता कोर्सहरू सञ्चालन हुँदा विद्यार्थीहरूलाई अतिरिक्त तनाव हुने गरेको भन्दै आलोचना भइरहेका बेला सरकारले बन्द गर्ने निर्णय गरेपछि धेरैले चासो दिएका थिए।

## सांसदहरूसँग छलफल

प्रधानमन्त्री शाहले सातवटै प्रदेशका निर्वाचन क्षेत्रबाट प्रत्येक्षबाट निर्वाचित सांसद र देशैभरका समानुपातिक सांसदहरूसँग छुट्टाछुट्टै भेटघाट गरे। भेटका क्रममा उनले आ-आफ्ना निर्वाचन क्षेत्रमा भएका समस्या र गर्नुपर्ने कामका विषयमा अन्तरक्रिया पनि गरे।

अन्तरमुखी स्वभाव भएका र कसैसँग संवाद नगरेको भनेर आलोचना भइरहँदा प्रधानमन्त्री शाहले यसरी सांसदहरूसँग भेटेर अन्तर क्रिया गरेपछि त्यसले पनि चर्चा बटुल्यो।

## खाली रहेका स्थानीय तहमा प्रशासकीय अधिकृत

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपसचिव वा सो सरहका ६३ जना कर्मचारीहरूलाई लामो समयदेखि प्रमुख प्रशासकीय अधिकृत विहिन भएका स्थानीय तह तथा जिल्ला समन्वय समितिमा खटाएको छ।

सरकारले स्थानीय तहमा खटाएका केही कर्मचारी महिनौं बित्दा पनि गएका छैनन्। कतिपय कर्मचारी आठ महिना बितिसक्दासमेत पालिकामा हाजिर नभएका उदाहरणहरू छन्।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यस्ता कर्मचारीलाई तोकिएको समयभित्र सम्बन्धित पालिकामा उपस्थित नभए कारबाही गर्ने तयारी गरेको छ। राजनीतिक शक्ति र पहुँचका आधारमा कार्यक्षेत्रमा नजाने कर्मचारीहरूलाई सरकार को यो निर्णयले बाध्य बनाउने भएपछि चर्चा भइरहेको छ।

## संविधान संशोधन कार्यदल गठन

संविधान कार्यन्वयनको १० वर्षभित्र यसको समीक्षा गर्ने राजनीतिक दलहरूले यसको निर्माणको समयमा नै सहमति गरेका थिए। यस विषयमा चर्चा भइरहे पनि अघि बढ्न सकेको थिएन। त्यहीबीचमा जेन जी आन्दोलन भएपछि यो विषय थप छायाँमा परेको थियो। प्रधानमन्त्री शाहले यसका लागि कार्यदल गठन गरेका छन्।

प्रधानमन्त्रीका सल्लाहकार असिम शाहको संयोजकत्वमा गठित कार्यदलमा रास्वपाबाट मोहन आचार्य, एमालेबाट डा. भीष्म अधिकारी, नेकपाबाट देव गुरुङ, राप्रपाबाट ज्ञानेन्द्र शाही, जनमोर्चाबाट मनोज भट्ट, श्रम संस्कृतिबाट ध्रुवराज राई, जसपाबाट सुरेन्द्र झा सदस्य छन्। कांग्रेसले भने अझै कार्यदल सदस्य तोकेको छैन।

## संसद् अधिवेशन बोलाएर स्थगित

वैशाख ८ गते बसेको मन्त्रिपरिषद्रु बैठकले आगामी वैशाख १७ गते, दिउँसो २ बजे संघीय संसद्का दुवै सदनको बैठकका सिफारि स गरेपछि राष्ट्रपतिले आह्वान गरे। तर त्यसको पर्सिपल्ट १० गते मन्त्रिपरिषद्को बैठकले विशेष कारणवश भन्दै हाललाई संसद्रु बैठक स्थगित गरिदियो।

बैठक किन बोलाइयो र दुई दिनमै स्थगित गर्नुपर्ने त्यस्तो के विशेष कारण आइलाग्यो अहिलेसम्म खुलाइएको छैन। प्रधानमन्त्रीनिकट व्यक्तिहरूले संसद्रु सचिवालयको तयारी नपुगीकनै बैठक बोलाइएकाले हाललाई स्थगित गर्नु परेको भनेका छन्। व्यवस्थापिकाको बैठक बोलाउने सन्दर्भमा सम्बन्धित निकायसँग छलफल नै नगरी हतारमा निर्णय गरेर पठाएको भन्दै यसलाई बालेन सरकारको अपरिपक्वताका रूपमा चर्चा भइरहेको छ।

-नेपाल भ्युज

# ढल्केबरमा ५३ वर्षदेखि.............

खुला गरिने छ। स्थानीयका अनुसार विसं २०२६ सालमा पूर्वपश्चिम महेन्द्र राजमार्ग निर्माणको क्रममा उक्त सडकको उपयोग गरिएको थियो।

तर विसं २०३० सालतिर सो स्थानबाट दक्षिणतर्फ नयाँ सडक खुलेपछि पुरानो मार्गबाट आवतजावत बन्द भएको थियो। त्यसपछि केही स्थानीयले क्रमशः सो सडक क्षेत्रमा घर टहरा निर्माण गरी बसोवास र व्यवसाय सञ्चालन गर्न थालेका थिए।

विगतका वर्षमा स्थानीय तहले पटकपटक अतिक्रमण हटाउने प्रयास गरे पनि सफल हुन सकेको थिएन। नगर प्रमुख महेन्द्र महतोका अनुसार पछिल्लो तीन वर्षको अवधिमा तीन पटक सार्वजनिक सूचना जारी गरिए पनि मुद्दामामिला र विभिन्न अवरोधका कारण कार्यान्वयन हुन सकेको थिएन।

हाल सङ्घ तथा प्रदेश सरकार बाट सार्वजनिक सडक र जग्गा अतिक्रमण हटाउन कडाइका साथ निर्देशन जारी भएपछि सोही अनुसार नगरपालिकाले कदम अघि बढाएको उहाँले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, 'सरकारको निर्देशन अनुसार साविकको सडक क्षेत्र खाली गराइएको हो।' सडकको मापदण्ड कायम गरी आवागमनलाई सहज बनाउने नगर प्रमुख महतोको भनाइ छ।

# ‘रेल सेवालाई व्यावसायिक बनाउन कार्गो सेवा विस्तार गर्नुपर्छ’

खबर दर्पण समाचारदाता

**वैशाख १३ गते, बर्दिवास**

नेपाल रेल विभागका महानिर्देशक हरिकुमार पोखरेलले रेल सेवालाई दिगो र व्यावसायिक बनाउन मालवाहक (कार्गो) सेवा अनिवार्य विस्तार गर्नुपर्नेमा जोड दिएका छन्।

आइतबार जनकपुरधाममा आयोजित छलफल कार्यक्रममा उनले मुलुकमा रेल्वे सेवा, वर्तमान अवस्था, भविष्यका सम्भावना र आवश्यक सुधारका उपायबारे प्रकाश पार्दै यात्रु ओसारपसार मात्रै नभई मालसामान ढुवानीलाई प्राथमिकतामा राख्नुपर्ने विचार व्यक्त गरे।

“रेल सेवालाई आत्मनिर्भर र नाफामुखी बनाउन मालवाहक सेवा विस्तार गर्नु आवश्यक छ”, उनले भने, “यसले राजस्व वृद्धि मात्र होइन, समग्र आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पार्नेछ।”

महानिर्देशक पोखरेलले रेल पूर्वाधार विस्तार, आधुनिक प्रविधिको प्रयोग र सेवा गुणस्तर सुधारमार्फत नेपाल रेल्वेलाई प्रतिस्पर्धी बनाउने योजनामा सरकार अघि बढ्नुपर्नेमा जोड दिए । उनले निजी क्षेत्रसँगको सहकार्य, समन्वय र सहलगानीमार्फ सरकार अघि बढ्नुपर्ने आवश्यकता औँल्याए।

छलफलमा जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेन्द्रकुमार भण्डारीले रेल सेवाको प्रभावकारी सञ्चालनले मधेस प्रदेशको औद्योगिक र व्यापारिक विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे । उनले स्थानीय उद्योगी-व्यवसायीका आवश्यकता अनुसार सेवा विस्तार गर्नुपर्नेमा जोड दिँदै रेलमार्गलाई व्यापारिक ढुवानीका लागि उपयोगी बनाउने नीति आवश्यक रहेको विचार व्यक्त गरे।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष निर्मल चौधरी, प्रकाशचन्द्र साह, शिवशङ्कर साह, श्यामप्रसाद साहलगायतले रेल सेवाको दिगो विकासका लागि पूर्वाधार सुदृढीकरण, समयतालिका व्यवस्थापन र सेवा विश्वसनीयता बढाउन सुझाव दिएका थिए । उनीहरूले भारतसँगको रेल सञ्जाललाई प्रभावकारी रूपमा उपयोग गर्दै सीमा क्षेत्रको व्यापार प्रवर्द्धनमा जोड दिनुपर्ने आवश्यकता औँल्याए ।




कार्यक्रममा सहभागीहरूले नेपाल रेल्वेको समुचित व्यवस्थापन र दीर्घकालीन रणनीतिमार्फत देशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सकिने बताए। उनीहरूले रेल सेवा विस्तार भएसँगै धार्मिक पर्यटन प्रवर्द्धन हुने विश्वास व्यक्त गरे।

**व्यक्तिगत घटना दर्ता सप्ताह**

**२०८३ साल बैशाख १ देखि ७ गतेसम्म**

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौ / गराऔं ।

**मटिहानी नगरपालिका, महोत्तरी**

**व्यक्तिगत घटना दर्ता सप्ताह**

**२०८३ साल बैशाख १ देखि ७ गतेसम्म**

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौ / गराऔं ।

**औरही नगरपालिका, महोत्तरी**

योग एक प्राचीन अभ्यास हो । यसले शरीर, मन र आत्मालाई सन्तुलनमा राख्न मद्दत गर्छ ।

योगका फाइदाहरू

- शारीरिक स्वास्थ्य सुधार: शरीर लचिलो र बलियो बनाउँछ
- मानसिक शान्ति: तनाव, चिन्ता र डिप्रेसन कम गर्छ
- रोग प्रतिरोधात्मक क्षमता बढाउँछ
- निद्रा सुधार गर्छ
- ध्यान केन्द्रित गर्न सहयोग गर्छ

ध्यान दिनुपर्ने कुराहरू

- खाली पेट वा हल्का खाना खाएपछि मात्र योग गर्नुहोस्
- शुरुवातमा सजिला आसनहरूबाट अभ्यास सुरु गर्नुहोस्
- दीर्घ रोग वा स्वास्थ्य समस्या भएमा चिकित्सकको सल्लाह लिनुहोस्
- नियमित अभ्यास गर्नु अत्यन्त आवश्यक छ
- सामान्यतया बिहानको समयमा योग गर्नु उत्तम मानिन्छ।
- यसले दिनभर ऊर्जा र सकारात्मकता दिन्छ।

अनुरोधकर्ता :

**जनकपुरधाम उपमहानगरपालिका**

धनुषा , जनकपुरधाम

मधेश प्रदेश

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनरोड बर्दिवास, महोत्तरी

044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव ‘यदुवंशी’ (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,